# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## रामपुर, चितवन ।
## विज्ञापन सम्बन्धि सूचना
**मिति :२०७२। ०१ ।२९**

**विज्ञापन नं.०६ आन्तरिक/ विशेष आन्तरिक**

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत निम्न लिखित शैक्षिक पदहरुको आन्तरिक र विशेष आन्तरिक प्रतियोगिता द्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका कार्यरत शिक्षकहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय रामपुर (हाल भरतपुर हाकिमचोक) चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वान गरिन्छ । दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र दरखास्त फाराम बुझाउन सकिनेछ । दरखास्त फारम २०७२।०१।३० गते देखि सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु** :

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लव्धाङ्क पत्रहरुका प्रमाणित प्रतिलिपिहरु ।

२. अनुभवको प्रमाण पत्र : अस्थायी, करार, मासिक नियूक्ति, सरुवा बढुवा आदिको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो थप १ प्रति ।

५. व्यक्तिगत बायोडाटा ८ प्रति ।

६. प्रकाशित कृतिहरु सबैको १ प्रति :
सम्बन्धित विषयको पाठ्यपुस्तक, अनुसन्धानात्मक ग्रन्थ, सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन, शोध निर्देशन गरिएको प्रमाणित पत्र र प्रकाशित लेखहरु । कृतिहरु फाराममा तोकिए अनुसार वर्गीकरण गरि संकेत नम्वर उल्लेख गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख भए अनुसार सिलसिलाबद्ध नमिलाई पेश गरिएका कृतिहरुको मूल्याङ्कन गरिने छैन । साथै सबै कृतिहरुलाई खामबन्दी गरि पेश गर्नुपर्नेछ । पुस्तक, सन्दर्भग्रन्थ र थेसिसहरुको हकमा लेखक र प्रकाशन संस्थाको नाम स्पष्ट रुपमा उल्लेख भएको छाँया कपि र मूल्याङ्कनको लागि सक्कल पुस्तक र सर्न्दभग्रन्थ पेश गर्नु पर्नेछ । नतिजा प्रकाशन भए पश्चात त्यस्ता पुस्तक र सन्दर्भग्रन्थ फिर्ता लान सकिने छ ।

७. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

८. सर्म्पक मिति : दोब्बर दस्तुर तिरेर दरखास्त दिने मितिको भोलिपल्ट ।

९. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

**कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पूर्ति गर्नु पर्ने पद, विषय र आवश्यक संख्या**

## (क) आन्तरिक प्रतियोगिता

| क्र.सं. | आवेदित पद | विषय | आवश्यक सख्या |
|---|---|---|---|
| १ | प्राध्यापक | वनस्पती विज्ञान | १ |
| २ | प्राध्यापक | कृषि वनस्पति विज्ञान | १ |
| ३ | प्राध्यापक | वागवानी | २ |
| ४ | प्राध्यापक | माटो विज्ञान | २ |
| ५ | प्राध्यापक | कृषि प्रसार | १ |
| ६ | प्राध्यापक | फार्म मेनेजमेन्ट | १ |
| ७ | प्राध्यापक | वाली विज्ञान | १ |
| ८ | प्राध्यापक | वाली प्रजनन् | ३ |
| ९ | प्राध्यापक | मत्स्यपालन | २ |
| १० | प्राध्यापक | पशु विज्ञान | १ |
| ११ | प्राध्यापक | पशु चिकित्सा | २ |
| १२ | प्राध्यापक | वन विज्ञान (सिल्भीकल्चर) | १ |
| १३ | प्राध्यापक | वन विज्ञान (फरेस्ट प्रोटेक्सन) | १ |
| १४ | प्राध्यापक | जुलोजी | १ |
| १५ | प्राध्यापक | गणित | १ |
| १६ | सह-प्राध्यापक | माटो विज्ञान | १ |
| १७ | सह-प्राध्यापक | वागवानी | २ |
| १८ | सह-प्राध्यापक | ग्रामिण समाज शास्त्र | १ |
| १९ | सह-प्राध्यापक | कृषि अर्थशास्त्र | १ |
| २० | सह-प्राध्यापक | पशु चिकित्सा | ४ |
| २१ | सह-प्राध्यापक | भेट् प्याथोलोजी | १ |
| २२ | सह-प्राध्यापक | पशु विज्ञान (LPM) | ३ |
| २३ | सह-प्राध्यापक | फरेस्ट ईकोलोजी | १ |
| २४ | सह-प्राध्यापक | अर्थशास्त्र | १ |
| २५ | वरिष्ठ प्रशिक्षक | प्लान्ट प्याथोलोजि | १ |
| २६ | प्रशिक्षक | पि.टि.एण्ड गेम्स | १ |

## (ख) विशेष आन्तरिक प्रतियोगिता

| क्र.सं. | आवेदित पद | विषय | आवश्यक सख्या |
|---|---|---|---|
| १ | उप- प्राध्यापक | भेट् एनाटोमी | १ |
| २ | उप- प्राध्यापक | भेट् प्यारासाईटोलोजी | १ |
| ३ | उप- प्राध्यापक | वातावरण विज्ञान | १ |
| ४ | उप- प्राध्यापक | वागवानी | २ |
| ५ | उप- प्राध्यापक | एक्वाकल्चर | १ |

| | | | |
|---|---|---|---|
| **६** | **उप- प्राध्यापक** | कृषि प्रसार | २ |
| **७** | **उप- प्राध्यापक** | भेट् प्याथोलोजी | १ |
| **८** | **उप- प्राध्यापक** | कृषि अर्थशास्त्र | १ |

**आवश्यक न्युनतम योग्यता**

**प्राध्यापक**

सम्वन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच.डी. प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १० बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा द्धितिय श्रेणीमा माष्टर डिग्री र पिएच.डी प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १२ बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १३ बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा द्धितिय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १५ बर्ष पढाएको अनुभव प्राप्त ।

**सह- प्राध्यापक**

सम्वन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच.डी. प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा ८ बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा द्धितिय श्रेणीमा माष्टर डिग्री र पिएच.डी प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १० बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा ११ बर्ष पढाएको अनुभव प्राप्त ।

अथवा

सम्वन्धित विषयमा द्धितिय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महा-विद्यालयमा कम्तिमा १३ बर्ष पढाएको अनुभव प्राप्त ।

**उप-प्राध्यापक**

१. सम्बन्धित विषयमा पीएच.डी वा प्रथम श्रेणीमा स्नाकोत्तर तह उत्तीर्ण भई एम.फिल गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरि क्याम्पस (महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा १ वर्ष पढाएको वा  सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित विषयमा द्धितिय श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी क्याम्पस ( महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा २ वर्ष पढाएको  वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा ४ वर्ष काम गरेको अनुभव प्राप्त ।

**वरिष्ठ प्रशिक्षक**

यस विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित संकाय तर्फको सम्बन्धित विषयमा स्नातकोत्तर ।

अथवा

यस विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित संकाय तर्फको सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण गरेको र ३ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह उर्तीण गरी प्रशिक्षक पदमा स्थायी भई कम्तिमा ५ वर्ष काम गरेको अनुभव प्राप्त र प्रशिक्षक पदमै बसी सम्बन्धित विषयमा ३ महिनाको तालिम प्राप्त ।

अथवा

सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह उर्तीण गरी प्रशिक्षक पदमा स्थायी भई कम्तिमा ७ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

एस.एल.सी. वा सो सरहको परीक्षा उर्तीण गरी सम्वन्धित विषयमा ३ वर्ष अवधिको स्वदेश वा विदेशमा तालिम लिई प्रशिक्षक पदमा ८ वर्ष काम गरेको अनुभव प्राप्त ।

**प्रशिक्षक**

यस विश्वविद्यालयवाट मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित संकाय तर्फको सम्वन्धित विषयमा स्नातकोत्तर ।

अथवा

यस विश्वविद्यालयवाट मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित संकाय तर्फको सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको र ३ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

अथवा

यस विश्वविद्यालयवाट मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित संकाय तर्फको सम्वन्धित विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सोही विषयमा ६ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

**२) परीक्षा शुल्क**

क. प्राध्यापक रु. २०००।-
ख. सह प्राध्यापक रु.१,७५०।-
ग. उप प्राध्यापक रु.१५००।-
घ. वरिष्ठ प्रशिक्षक र प्रशिक्षक रु. १०००।-

**३) प्रतियोगिताको किसिम**

**अर्न्तवार्ता : प्राध्यापक, सह प्राध्यापक , वरिष्ठ प्रशिक्षक र प्रशिक्षक**

**लिखित परीक्षा एवंम अर्न्तवार्ता : उप- प्राध्यापक**

उप- प्राध्यापक पदको लागि ३ घण्टाको लिखित परीक्षा हुनेछ ।

## परिशिष्ट-१

**समावेशीतर्फ पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ ।**

**१. आदिवाशी/जनजातिका हकमाः**

आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीका हकमाः**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमाः**

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमाः**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**अध्यक्ष**